नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# स्पष्ट जानकारी र ठोस अवसरहरू निर्माणका लागि नेपालको श्रम तथ्याङ्कको एकीकरण



नेपाल श्रम बजार सूचना प्रणाली (N-LMIS) - संक्षिप्त अवलोकन

# हरेक नेपालीका लागि आधुनिक श्रम सूचना प्रणाली

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले डिजिटल रूपमा एकीकृत श्रम बजार प्रणाली निर्माण गर्ने लक्ष्य राखेको छ जहाँ प्रत्येक नागरिकले एउटै सुरक्षित डिजिटल माध्यमबाट भरपर्दो सूचना, मर्यादित रोजगारीका अवसर तथा अत्यावश्यक सरकारी सेवाहरूमा पहुँच पाउन सक्नेछन्।

हाल श्रमसम्बन्धी तथ्याङ्क विभिन्न प्रणालीहरू (जस्तैः FEIMS, FEWIMS, EMIS, NAVT MIS र श्रम संसार) मा छरिएर रहेका छन्। यसले तथ्याङ्क आदानप्रदानमा ढिलाइ हुने गरेको छ भने एकीकृत श्रम बजार प्रक्षेपण निकाल्न तथा माग-आपूर्तिको मिलान गर्न पनि कठिनाइ हुने गरेको छ।

### नेपालको डिजिटल शासनसम्बन्धी दीर्घकालीन सोचसँग सामञ्जस्य

डिजिटलाइजेशन ब्लूप्रिन्टले डिजिटल नेपाल फ्रेमवर्क र राष्ट्रिय ई-गभर्नेन्स गुरुयोजनालाई सहयोग गर्दछ। यसले सार्वजनिक क्षेत्रमा सेवा प्रवाह, पारदर्शिता, कार्यकुशलता र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउँछ।

यसले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई आधुनिक र तथ्याङ्कमा आधारित संस्थाको रूपमा रूपान्तरण गर्ने मार्ग प्रशस्त गरी चुस्त, पारदर्शी र समावेशी श्रम तथा सामाजिक सुरक्षा सेवा प्रदान गर्न सक्षम बनाउनेछ।

### राष्ट्रियस्तरका डिजिटल प्लेटफर्महरूसँग अन्तर-सञ्चालनयोग्य

N-LMIS लाई निम्न राष्ट्रियस्तरका प्लेटफर्महरूसँग एकीकृत हुने गरी डिजाइन गरिएको छ :

- **नागरिक एप**
  आफै सूचीकृत हुन र व्यक्तिगत विवरणमा पहुँच गर्न सकिने।
- **राष्ट्रिय परिचयपत्र**
  जनसाङ्ख्यिक तथ्याङ्कको मुख्य स्रोतको रूपमा प्रयोग गर्न सकिने।
- **सरकारी उद्यम वास्तुकला (GEA/NeGIF)**
  राष्ट्रिय प्रणालीहरूसँग एकीकरणका लागि पूर्णतयारी सुनिश्चित गर्ने।

N-LMIS ले श्रम क्षेत्रका सबै कुरालाई एउटा संयुक्त राष्ट्रिय प्रणालीमा ल्याउँछ।

यसले अन्तर-सञ्चालनयोग्य तथा मापदण्ड आधारित प्रणालीहरूको उपयोग गर्दछ, जसमा केन्द्रीकृत मास्टर कोड रजिस्ट्री र विभिन्न प्लेटफर्मबीच सुरक्षित तथा वास्तविक समयको तथ्याङ्क आदानप्रदानका लागि एपीआई गेटवे (API Gateway) रहेको छ।

## कार्यान्वयन योजना

यस डिजिटल रूपान्तरणको कार्यान्वयन चरणबद्ध रूपमा गरिनेछ र कार्यान्वयनलाई सहज बनाउन संस्थागत तयारीलाई सुदृढ बनाउँदै लगिनेछ।

**अल्पकालीन (०-१८ महिना)**
मूलभूत सूचना प्रविधि नीति तर्जुमा गर्ने, अन्तर-सञ्चालनका मापदण्ड तय गर्ने, N-LMIS को आधारभूत संरचना निर्माण गर्ने, र आधारभूत सेवाहरू सञ्चालनमा ल्याउने।

**मध्यकालीन (१८-३६ महिना)**
प्रमुख प्रणालीहरू (FEIMS, FEWIMS, EMIS, श्रम संसार, NAVT) एकीकरण गर्ने, विश्लेषणात्मक क्षमता (एनालाइटिक्स) विस्तार गर्ने, र सेवाहरूलाई देशव्यापी रूपमा विस्तार गर्ने।

**दीर्घकालीन (३६+ महिना)**
कृत्रिम बुद्धिमत्ता (एआई) आधारित पूर्वानुमान सेवा शुरू गर्ने, सीमापार तथ्याङ्क आदानप्रदान सम्भव बनाउने, र प्रणालीको निरन्तर सुधार तथा स्तरोन्नति गर्ने।

## मुख्य उपलब्धिहरू

यसलाई सम्भव बनाउन निम्न आधारभूत कदमहरू आवश्यक छन् :

- **राष्ट्रिय श्रम बजार सूचना प्रणाली (N-LMIS) विभागको स्थापना:**
  प्रणालीको सञ्चालन, सुशासन, तथ्याङ्क व्यवस्थापन र दिगोपनप्रति जिम्मेवार छुट्टै विभाग रहनेछ।
- **राष्ट्रिय मास्टर कोड रजिस्ट्रीको विकास:**
  मानकीकृत कोडहरू (ISCO, ISIC, NQF, भौगोलिक कोड आदि) ले सबै प्लेटफर्मबीच तथ्याङ्क व्याख्यामा एकरूपता सुनिश्चित गर्नेछ।
- **प्रमुख श्रम प्रणालीहरूको एकीकरण:**
  श्रम संसार, FEIMS, FEWIMS, EMIS, ILMIS, तालिम प्रणाली र अन्य सम्बन्धित प्रणालीहरूले सुरक्षित API मार्फत सूचना आदानप्रदान गर्नेछन्।
- **सुरक्षा तथा पूर्वाधारहरूको सुदृढीकरण:**
  तथ्याङ्क संरक्षणमा सुधार, ब्याकअप व्यवस्था, VAPT मूल्याङ्कन तथा विपद् पुनर्लाभ व्यवस्थाहरू समेटिनेछ।

## डिजिटल रूपान्तरणलाई सफल बनाउने

N-LMIS को सफलताका लागि सरकारी निकाय, प्रतिष्ठान तथा साझेदारहरूबीच बलियो समन्वय अत्यावश्यक छ।

- **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय:**
  डिजिटलीकरणसम्बन्धी कार्य, सुशासन तथा रणनीतिक सुपरिवेक्षणको नेतृत्व गर्नेछ।
- **विभाग तथा निकायहरू (FEIMS, FEWIMS, EMIS, DoLOS, CTEVT, NAVT):**
  विभिन्न प्लेटफर्मबीच तथ्याङ्क आदानप्रदान, प्रणाली एकीकरण तथा अन्तर-सञ्चालन सुनिश्चित गर्नेछन्।
- **स्थानीय तह तथा रोजगार सेवा केन्द्रहरू:**
  बेरोजगार व्यक्ति र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सही तथा अद्यावधिक स्थानीय अभिलेख दर्ता र व्यवस्थापन गर्नेछन्।
- **विकास साझेदार तथा प्राविधिक सल्लाहकार समूहहरू:**
  प्रणालीको डिजाइन, क्षमता अभिवृद्धि तथा दीर्घकालीन समन्वयमा सहयोग गर्नेछन्।

# नेपाल श्रमबजार सूचना प्रणालीमा समावेश हुने मुख्य विवरणहरू

## श्रमको आपूर्ति

- श्रमशक्ति सहभागिता (उमेर, लिङ्ग, भौगोलिक क्षेत्र, शिक्षाअनुसार)
- दीर्घकालीन बेरोजगारी (उमेर, लिङ्ग, भौगोलिक क्षेत्र, शिक्षा, बेरोजगारीको अवधिअनुसार)
- अल्परोजगारी दर (उमेर, लिङ्ग, भौगोलिक क्षेत्र, विषयगत क्षेत्र, सीपअनुसार)
- खण्डीकृत श्रम आपूर्ति सूचकहरू (उमेर, भौगोलिक क्षेत्र, लिङ्ग, शिक्षा, पेसाअनुसार)
- रोजगारीको स्थिति (कर्मचारी, स्वरोजगार, रोजगारदाताअनुसार)
- व्यवसायजन्य रोग तथा दुर्घटना

## श्रमको माग

- पदपूर्तिको सूचना, माग गरिएको पद तथा रोजगारीको विवरण (स्वदेशी तथा विदेशी)
- विषयगत क्षेत्र अनुसारको रोजगारी (कृषि, उद्योग, सेवा आदि)
- खण्डीकृत श्रम माग सूचकहरू (उद्योग, भौगोलिक क्षेत्र, लिङ्ग, उमेरअनुसार)
- पेसा तथा उद्योगअनुसारको रोजगारी (ISCO, ISIC कोड, सीपस्तर अनुसार)

## वैदेशिक रोजगारी

- वैदेशिक रोजगारीका लागि जाने व्यक्तिहरूको विवरण (गन्तव्य देश, पेसा, लिङ्ग, उमेर, भौगोलिक क्षेत्रअनुसार)
- जारी भएका तथा म्याद सकिएका वैदेशिक रोजगारी अनुमतिपत्रको सङ्ख्या
- वैदेशिक रोजगारीको माग विवरण (गन्तव्य, पेसा, सीपस्तर, तलबअनुसार)
- पुन: प्रवेश (दोस्रो पटक) का लागि जारी भएका अनुमतिपत्रको सङ्ख्या
- वैदेशिक रोजगारीका श्रमिकले पाएका कल्याणकारी सेवा विवरण (स्वास्थ्य तथा सामाजिक सुरक्षा, स्वदेश फिर्ता, क्षतिपूर्ति दाबी)
- वैदेशिक रोजगारीमा जानुअघि लिएका सीप तालिम तथा प्रमाणपत्रको विवरण

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति सम्बन्धी

- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिबारे विस्तृत विवरण
- फर्केका व्यक्तिको जानकारी (फर्केका देश, लिङ्ग, उमेर र भौगोलिक क्षेत्रअनुसार)
- फर्केका व्यक्तिको पृष्ठभूमि: फर्कनुका कारण, विदेशमा बसेको अवधि
- प्रत्येक व्यक्तिको वैदेशिक रोजगारीको इतिहास
- फर्केपछिको रोजगारीको अवस्था
- विदेशमा प्राप्त सीपको विवरण

## सीप तालिम

- तालिममा भर्ना भएका व्यक्तिहरूको सङ्ख्या
- जारी भएका प्रमाणपत्रहरूको विवरण (स्तर, विषयगत क्षेत्र, पेसा, जारी मिति)
- तालिम सम्पन्न दर
- तालिमको विवरण (पाठ्यक्रम, प्रशिक्षक, अवधि, स्थान, स्तर)
- तालिम भर्ना विवरण (विषयगत क्षेत्र, तालिम प्रदायक, भौगोलिक क्षेत्र र जनसाङ्ख्यिकअनुसार)
- तालिमपछिको रोजगारी विवरण (६ महिना वा १ वर्ष भित्र)

## गुनासो तथा सहायता

- गुनासो दर्ता
- गुनासोको सम्बोधन, समाधान र पृष्ठपोषण

## शैक्षिक योग्यता

- शैक्षिक कार्यक्रम तथा पाठ्यक्रम
- भर्ना र उत्तीर्णसम्बन्धी तथ्याङ्क विवरण

## शैक्षिक योग्यता

- बेरोजगारी दर
- श्रमशक्ति स्थितिको प्रत्यक्ष मापन
- अनौपचारिक तथा लुप्त रोजगारीको प्रवृत्ति दर
- समयसँगै बेरोजगारीमा भएको परिवर्तनको अभिलेखन

## ज्यालासम्बन्धी सूचक

- ज्याला विवरण (पेसा, उद्योग, रोजगारीको प्रकार, लिङ्ग, शिक्षा र भौगोलिक क्षेत्रअनुसार)
- वास्तविक ज्याला सूचकाङ्क (मुद्रास्फीति समायोजित)
- वास्तविक ज्याला वृद्धि दर
- क्षेत्रगत ज्यालाको प्रवृत्ति

## राष्ट्रिय श्रम बजार सूचना प्रणाली विभाग

- जनचेतना तथा सर्वेक्षण कार्यक्रम
- नीति समन्वय र अन्तरनिकाय सहकार्य
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कर्मचारीहरूलाई तालिम

## जनसाङ्ख्यिक विवरण

- श्रम गर्ने उमेरका जनसङ्ख्याको संरचना
- उमेर, लिङ्ग र भौगोलिक वितरण
- घरपरिवारका विशेषताहरू

## गैरनेपाली श्रमिक

- नेपालमा कार्यरत विदेशी श्रमिकको सङ्ख्या
- विदेशी श्रमिकको खण्डीकृत विवरण (उद्योग, सीप, पेसा, भौगोलिक क्षेत्र, लिङ्ग, उमेरअनुसार)

## कृत्रिम बुद्धिमत्ता (AI)

- श्रम मागको पूर्वानुमान
- श्रम बजारको प्रवृत्ति अनुगमन
- सीप अन्तरालको विश्लेषण
- बेरोजगारी जोखिम पत्ता लगाउने
- च्याटबट सेवा

## सेवा प्रदायक, गिग (GIG) वर्कर तथा स्वरोजगार

- प्रदान गरिएका सेवाहरूको विवरण (प्रकार, स्थान, शुल्क, मूल्याङ्कन तथा समीक्षा)
- सेवा/गिग (GIG) प्लेटफर्मसँगको आबद्धता
- उद्यमी तथा स्वरोजगार व्यक्तिहरूको विवरण

## सरकारी रोजगारी

- सङ्घीय तहका सरकारी पदहरू
- प्रदेश तहका सरकारी पदहरू

## बेरोजगार व्यक्तिहरूको अभिलेख

- बेरोजगार व्यक्तिहरूको विवरण (पृष्ठभूमि, कामको इतिहास, जानेका सीप, जोखिम अवस्था)
- सार्वजनिक रोजगार कार्यक्रमलाई लक्षित सहयोग प्रदान गर्न (जस्तै: प्रधानमन्त्री रोजगार कार्यक्रम)

## स्थानीय श्रम सहायता सेवा (रोजगार सेवा केन्द्र/आप्रवासी स्रोत केन्द्र)

- स्थानीय तहमा श्रम आपूर्ति, श्रम माग र वैदेशिक रोजगारीमा जान चाहनेहरूको तथ्याङ्क
- स्थानीय तहको गुनासो व्यवस्थापन तथा मुद्दा दर्ता

## रोजगारदाताको विवरण

- कम्पनीको विवरण (आकार, प्रकार, प्यान नम्बर, कर विवरण, प्रदेश/जिल्ला)
- पदपूर्ति सूचना प्रकाशन दर

## कार्यक्रम सूचक

- प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुन:एकीकरण कार्यक्रम आदिका लाभग्राहीस्तरको विश्लेषणसहितको कार्यक्रमस्तरीय नतिजाहरूको अनुगमन

Immediate Availability | In Progress | Future Development

# N-LMIS को प्रमुख विशेषता

### केन्द्रीकृत तथ्याङ्क केन्द्र
विभिन्न सरकारी प्रणालीका श्रमसम्बन्धी तथ्याङ्क एकीकृत गर्दछ

### सार्वजनिक श्रम बजार पोर्टल
नागरिक, सञ्चारमाध्यम र अनुसन्धानकर्ताका लागि पहुँचयुक्त ड्यासबोर्डहरू

### वास्तविक समयको विश्लेषण
वर्ष, महिना, लिङ्ग, उमेर, भौगोलिक क्षेत्र र विषयगत क्षेत्रअनुसार श्रम बजारको प्रवृत्ति हेर्न सकिने।

### जेसी (GESI) विश्लेषण
लिङ्ग, अपाङ्गता र सामाजिक समावेशीकरणअनुसारको खण्डीकृत तथ्याङ्क।

### व्यक्तिगत श्रम विवरण खण्ड
राष्ट्रिय परिचयपत्र, नागरिकता वा राहदानी नम्बरबाट व्यक्तिको पूर्ण श्रम इतिहास खोज्न सकिने।

### एआई आधारित जानकारी
सीप अन्तरालको नक्साङ्कन, रोजगारीको पूर्वानुमान, रोजगारी मिलान गर्ने बौद्धि प्रणाली

### गुनासो व्यवस्थापन प्रणाली
मुद्दा छानबिनका लागि सबै प्रणालीसँग जोडिएको

### अन्तर-सञ्चालन API संरचना
विभिन्न प्रणालीबीच निर्वाध तथ्याङ्क आदानप्रदान

## एआई सुविधाहरू

- श्रम बजार पूर्वानुमान
- सीप अन्तराल विश्लेषण
- बेरोजगारी जोखिम पत्ता लगाउने
- प्रयोगकर्ता सहायता तथा सहभागिता
- वैदेशिक रोजगारी प्रवाहको पूर्वानुमान
- कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन
- व्यक्तिगत रोजगारी तथा तालिम सिफारिस
- श्रम बजारको भावना विश्लेषण
- वास्तविक समयको श्रम बजार अनुगमन ड्यासबोर्ड

## यस प्रणालीले के हासिल गर्न चाहेको छ ?

- श्रमसम्बन्धी तथ्याङ्कको पारदर्शिता र पहुँचमा सुधार गर्ने ।
- दोहोरोपन घटाई सेवा प्रवाह छिटो र छरितो बनाउने ।
- महिला, युवा, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समूहहरूको समावेशी पहुँच सुनिश्चित गर्ने ।
- श्रम बजारको जानकारी सुदृढ गरी प्रमाणमा आधारित नीतिगत निर्णयमा सहयोग गर्ने ।

# दिगोपनका लागि सिफारिसहरू

N-LMIS लाई भविष्यका लागि तयार रहेको सुनिश्चित गर्न

- सूचना प्रविधि सुशासन, तथ्याङ्क संरक्षण तथा सुरक्षासम्बन्धी मापदण्ड सुदृढ बनाउने
- सबै श्रम प्रणालीबीच तथ्याङ्क आदानप्रदानलाई मानकीकृत गर्ने
- पूर्वाधारको स्तरोन्नति गर्ने र नियमित रूपमा VAPT तथा सुरक्षा जाँच गर्ने
- तालिम तथा स्वअध्ययन व्यवस्थामार्फत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने
- N-LMIS विभाग मार्फत दीर्घकालीन नवप्रवर्तन तथा प्रभावकारी निरीक्षणको व्यवस्था गर्ने

नेपाल श्रम बजार सूचना प्रणालीको डिजिटलाइजेशन ब्लूप्रिन्ट र योजना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको अनुरोधमा यङ माइण्ड्स क्रिएशन प्रा. लि. द्वारा तयार गरिएको हो। यो अनुरोध वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनामार्फत गरिएको थियो। रेमी परियोजना नेपाल सरकार र स्विट्जरल्यान्ड सरकारबीचको द्विपक्षीय पहल हो, र हेल्भेटास नेपाल तथा टेरे दे होम्स फाउण्डेशनको प्राविधिक सहयोगमा कार्यान्वयन भइरहेको छ।